"सहभागिता, पारदर्शिता,जवाफदेहीता र उत्तरदायित्वका लागि"

# त्रियुगा नगरपालिका कार्यालय गाईघाट,उदयपुरको आयोजनामा सुशासनका हिमायती (जि क्यू)उदयपुरको सहजिकरणमा संचालन भएको आ.ब.०७९/०८० को दोस्रो चौमासिक अवधिको

# सार्वजनिक सुनुवाई कार्यक्रमको

# प्रगती प्रतिवेदन,२०७९/१२/२९












**सहजिकरणः**
सुशासनका हिमायती (जी क्यू)
गाईघाट उदयपुर

**आयोजकः**
त्रियुगा नगरपालिका कार्यालय
गाईघाट उदयपुर

**त्रियुगा नगरपालिका कार्यालय गाईघाट उदयपुरको आयोजनामा सुशासनका हिमायती (जी क्यू) उदयपुरको सहजिकरणमा ओरेक उदयपुरको सभाहलमा संचालन भएको आ.ब.०७९/०८० को दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगति प्रतिवेदन २०७९/१२/२९**

**पृष्ठभूमि :**

नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी,उत्तरदायी र जवाफदेही बनाउन नीति,योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया,प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति,योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाउन सार्वजनिक जवाफदेहीता अभिबृद्धि गर्न त्रियुगा नगरपालिकाले सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७९ जारी गरेको छ। उक्त कार्यविधि अनुसार प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था छ । सोही अनुरुप यो दोस्रो चौमासीक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७९ चैत्र २९ गते सम्पन्न भएको हो ।

त्रियुगा नगरपालिकाको आयोजनामा आ.ब.०७९/०८० को दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम तेस्रो पक्ष सुशासनका हिमायतीको सहजिकरणमा ओरेक संस्थाको सभाहलमा संचालन भई सम्पन्न भएको छ । यस प्रतिवेदनमा सुशासनका हिमायतीले सार्वजनिक सुनुवाईको जानकारी,उद्देश्य,विधि र प्रकृया यसै गरी सुनुवाई संचालनको क्रममा भए गरेका सम्पुर्ण गतिविधिहरु समेटि संक्षिप्त रुपमा यस प्रतिवेदनमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

**सार्वजनिक सुनुवाई नागरिक आवाज नागरिक मैत्रि कार्यक्रम हो ।**

नागरिकहरु भन्ने गर्छन सुनुवाई स्थानीय सरकारको सामाजिक जिम्मेवारी,दायित्व,र जवाफदेहीता हो । यो नागरिक सर्बोच्चता तथा सुचनाको हकको व्यवहारिक प्रयोग गर्ने थलो हो ।सार्वजनिक सुनुवाई अवसर हो, बिषयले औपचारिक्ता पाउँछ र आगामी दिनका लागि मार्ग निर्देश गर्छ।यसले पुर्ण बिश्वास,नियम पुर्बक र नियमित अभ्यास गर्ने बाँनिको विकास गर्दछ । सार्वजनिक सुनुवाईका कारण सुशासन संस्कारको विकास र दण्डहिनतामा कमी आउँछ ।कार्य सम्पादनमा बढोत्तरी र अनुदानमा बृद्धि गर्न टेवा पुऱ्याउँछ ।सुशासनको आधार,औजार,जग,पिल्लर र खम्बा हो वा सुशासनका लागि एउटा राम्रो संयन्त्र हो ।सर्बोच्च चासोको बिषय हो । नया नेपालको आवश्यक्ता हो ।यस कारण ।

**नागरिक समाजको प्रतिनिधि संस्था सुशासनका हिमायती (जी क्यु) यस कार्यको स्वागत गर्दै, आयोजकलाई धन्यवाद भन्न चाहन्छ ।**

**सार्वजनिक सुनुवाईको पृष्टभुमिः**

स्थानीय सरकारसँग सुशासन,पारदर्शिता र जवाफदेहिताको अपेक्षा गरिन्छ । कार्यकुशलताको सम्बन्ध जनअधिकार र जनसेवासँग प्रत्यक्ष जोडिएको हुन्छ ।

**राज्यका निर्देशक सिद्धान्त,नीति तथा दायित्व,**

सार्वजनिक प्रशासनलाई स्वच्छ,सक्षम,निष्पक्ष,पारदर्शी,भ्रष्टाचारमुक्त,जनउत्तरदायि र सहभागितामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गर्ने भन्ने छ ।

**स्थानीय सरकार संचालन ऐन २०७४ को प्रस्तावना अनुसारः**

जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता,सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने

सूचनाको अधिकार,सार्वभौम जनतालाई सार्वजनिक सरोकारका हरेक क्रियाकलापमा जानकारी राख्ने र प्रश्न गर्ने नैसर्गिक अधिकार रहन्छ । यस कारण सार्वजनिक सुनुवाई गर्ने गराउने प्रकृया बढेको हो र यो अनिवार्य बन्नुपर्छ

**सार्वजनिक सुनुवाईको परिचयः**

स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने कार्यलाई सार्वजनिक सुनुवाई भनिन्छ ।

**सार्वजनिक सुनुवाईको उद्देश्य**

स्थानीय सरकारबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा,वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने यस सार्वजनिक सुनुवाई कार्यको उद्देश्य रहनेछ ।

**सार्वजनिक सुनुवाईको प्रकिया**

सार्वजनिक सुनुवाइ भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय सरकारका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुल्ला हाका हाकि छलफल वा प्रश्न-उत्तर गर्ने प्रकियालाई जनाउँछ ।

यस प्रक्रियामा प्रश्न गर्नु आधा काम हो भने त्यसको जवाफ दिनु बाँकी काम हो ।

**सार्वजनिक सुनुवाईको विधि**

१ सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गर्ने,

२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गर्ने

३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने
४ प्रतिवेदन तयार गर्ने

**सार्वजनिक सुनुवाईको व्यवस्था**

स्थानीय सरकारको न्यूनतम कार्य सम्पादन तथा मापनको अनिवार्य सुचक र सर्त हो ।

स्थानीय सरकारले प्रत्येक चौमासिकमा एक पटक पर्ने गरी **सार्वजनिक सुनुवाई** गर्नु पर्ने हुन्छ ।

सुनुवाईको कार्यविधि तथा सिद्धान्त अनुसार स्थानीय सरकारले सार्वजनिक सुनुवाइको बहसलाई विषय केन्द्रित गराउन तेस्रो पक्षको रुपमा **सार्वजनिक सुनुवाइ सहजकर्ताको** व्यवस्था गर्नुपर्नेछ ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको छलफलको बिषय**

१ पालिका बाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधाको वारेमा सन्तुष्टी असन्तुष्टी सार्वजनिक गर्ने/जानकारी गराउने ।

२ सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।

३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।

४ सामाजिक जिम्मेवारी तथा न्यूनतम शर्त तथा कार्य सम्पादन मापन पुरा गर्ने ।

५ सुचनाको हक र सुशासन संस्कारको बिकास गर्ने ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य**

नगरपालिका बाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टी असन्तुष्टी जे छ खुल्ला राख्ने ।सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ थाहा पाउने ।

सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।

नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।

सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।

हाका-हाकी प्रश्न उत्तर तथा छलफल गर्ने र स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्ने ।

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको आचारसंहिता**

यस अवसरलाई ब्यक्तिगत रिस इवी साध्ने मौकाकोरुपमा नलिने,

अरुको बिचारको सम्मान गर्ने,सुन्ने धैर्यता राख्ने बाहिर भित्र नगर्ने,

सहभागि सबैलाई बोल्ने अवसर छ,बोल्नका लागि हात उठाएर सङ्केत गर्ने,

आफ्नो परिचय दिने र सेवा प्राप्त गर्दाको अनुभव बिषयवस्तु भित्र रहेर सत्य तथ्य केन्द्रित भएर बोल्ने,

बक्ताहरुले पनि भुमिका नवाँधी सहभागिहरुले सोधेका प्रश्नहरुको जवाफ स्पष्टसँग शालिनतापूर्वक बिषयकेन्द्रित भएर दिनुपर्नेछ् ।

सहभागिले बिचार वा प्रश्न के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ् ।संचालकले बोल्ने संङ्केत गरेपछि मात्र बोल्नु पर्ने छ । तोकिएको समय भन्दा बढि बोल्न पाईने छैन ।

आफूभन्दा पहीलेका सहभागिले बोलेका कुरालाइ दोहर्‍याउन पाइने छैन ।

चित्त नबुझेका थप कुरा संचालकको अनुमतिलिएर राख्न पाइनेछ ।

संचालकाले प्रस्तुति रोक्न अनुरोध गरेपछि तत्काल रोक्नु पर्ने छ र

सुनुवाइलाई बिषयान्तर हुनुबाट बचाउन सबै सहभागिहरुले सहयोग गर्नु पर्ने हुन्छ ।

**सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्देश्य :**

१ त्रियुगा नगरपालिका गाईघाट उदयपुर बाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा जानकारी गराउने र त्यसको सन्तुष्टि वा असन्तुष्टि जानाउने ।
२ सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।
४ सामाजिक जिम्मेवारी न्यूनतम शर्त तथा कार्य सम्पादनपुरा गर्ने ।
५ सूचनाको हक तथा सुशासन संस्कारको बिकास गर्ने ।

**सार्वजनिक सुनुवाई कायक्रमको संक्षिप्त जानकारी :**
**कार्यक्रमः** त्रियुगा नगरपालिकाको आ.ब.०७९/०८० को दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम
**कार्यक्रम स्थल :–** ओरेक संस्था उदयपुर कार्यालयको सभाहल त्रिनपा ९ राजावास
**कार्यक्रम मितिर समय :** २०७९ चैत्र २९ गते

**कार्यक्रम संचालनः** राजकुमार खड्का सामाजिक शाखा प्रमुख
**सहजिकरणः** राम बस्नेत सदस्य सुशासनका हिमायती
**कार्यक्रमको अध्यक्षताः** नगर प्रमुख बसन्त कुमार बस्नेत
**कार्यक्रमको स्वागतः** राजकुमार दनुवार वडा अध्यक्ष वडा नं.९
**कार्यक्रमको उद्देश्यः** राजकुमार खड्का सामाजिक शाखा प्रमुख
**बिषय बस्तुको प्रस्तुतिः** १) वर्हिगमन अभिमतः भरत खड्का
२) नागरिक प्रतिवेदन : भरत खड्का
३) चौमासिक प्रगति : बिष्णु खत्रि योजना शाखा अधिकृत
४) सार्वजनिक सुनुवाई विधि,प्रकृया र उद्देश्यः राम बस्नेत
**प्रश्न उत्तर कार्य संचालनः** राम बस्ने
**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)** ३.३०- तिन घण्टा तिस मिनेट
**सुनुवाई गरिएका विषयवस्तुहरुः**
संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि जे छ खुल्ला राख्ने र प्रश्न उत्तर गर्ने साथै प्रतिबद्धता ब्यक्त गर्ने ।
सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ ।
सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।
नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।
सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।
हाका-हाकी प्रश्न उत्तर तथा छलफल भएको थियो ।
**कार्यविधि र प्रकृया :**
१. सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गरेको,
२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गरेको,
३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरेको,
४ नगरपालिकालाई प्रतिवेदन बुझाईएको ,
**सहभागिहरु :** तपसिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको  यस सार्वजनिक सुनुवाईमा ९७ जनाको सहभागिता रहेको थियो ।

जन प्रतिनिधि,राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु,नगरपालिका पदाधिकारी,नगरपालिका स्थित बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु । संचार कर्मी,स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु,नागरिक समाजका प्रतिनिधिहरु,सरोकार राख्ने नागरिकहरु,पेशा तथा ब्यवसायिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु,लक्षित बर्ग समुदायका प्रतिनिधिहरु ।

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको क्रममा उठेका प्रश्न/जिज्ञासा र उत्तरः**

| क्र.स. | प्रश्न वा गुनासो कर्ताको नाम | प्रश्न वा गुनासाहरु | जवाफ दिने व्यक्तिको नाम र पद | जवाफको छोटकरीमा व्यहोरा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | मिश्रिलाल सदा | -अहिले सम्म सदा समुदायमा पानी फिलटरको पहुच भएको छैन<br>-सदा समुदायका लागि रहेको बजेट को जानकारी तथा सदुपयोग गर्नु पर्ने | महेश्वरी राई उपमेयर | -प्रविधिक कारणले त्रियुगा नगरपालिका भित्र रहेको वडाहरुमा कार्यको खर्चा को प्रस्तुतीमा केहि बडि र घटि भईरहेको छन,<br>-मुसहर सामुदायको सर्बाङगिन विकासका लागि तपाईहरुको समुदायमा रहेको समस्याहरुमा आधारीत रहेर काम गरि रहेको छौ र तपाईहरु कै समुदायका कर्मचारी द्धारा गरि रहेको छौ ।<br>-मुसहर सामुदायमा बाँकि रहेको खाने पानीको व्यवस्था पुर्न व्यवस्था गर्छौ |
| २. | बाल्कृष्ण ढुङगाना | -सार्बजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत भएको डाटा सम्पुर्ण सहभागिमा दिनु पर्ने | महेश्वरी राई( उपमेयर) | -सार्बजनिक सुनुवाई कार्यक्रममा भएको सम्पुर्ण सुचना सम्पुर्ण सहभागिलाई दिन्छ । |
| ३ | रामबति चौधरी | उत्तर बारी टोल नजिक रहेको सरस्वती खोलाको पुल कहिले बन्छ | राजकुमार दनुवार( त्रि.न.प.-९, वडा अध्यक्ष) | -उत्तरबारी टोलमा रहेको सरस्वती खोलाको पुलको लागि सम्पुर्ण सामाग्रिहरुको व्यवस्थापन गरि सकेको र असार सम्म पुलको सम्पुर्ण काम सकिने प्रस्ताव गरियो । |
| ४. | नवरान सदा | -सदा समुदायका सर्बाङगिन विकास अन्तर्गत के के पर्छ<br>-सदा समुदायका जातजातिलाई सहभागि गराएको सुचना र सदा जातिलाई पनि विभिन्न स्थानमा सहभागि गराउनु पर्छ | नगर प्रमुख बसन्त कु. बस्नेत | -सदा समुदाका लागि सिप प्रदान गरि सिप अनुसार कार्य व्यवस्था गरिने सदा सर्बाङगीन परियोजना अर्न्तगत राखेको छ र हामिले गर्छौ । सदा सामुदायका नागरिकहरुका लागि नगरपालिकाले विभिन्न परियोजनाहरु ल्यएको जानकारी गराउछौ । र यस समुदायका लागि त्रियुगा नगरपालिकाले विभिन्न कार्यक्रमहरु ल्यई अगाडि बडाउन काम गरि रहेको छन् । |
| ५. | रिता दनुवार | वडा-०९ डिपु टोल देखि प्रतिक्षल सम्म को बाटो लाई सुधार गरी निर्माण कार्य सुरुवात गरिदिनु परयो र समयमा सुधार गरियोस र पोल बतिको व्यवस्था गरियोस<br>-झिल्के टोल देखि देउरी तिर | राजकुमार दनुवार( त्रि.न.प.-९, वडा अध्यक्ष) | -यस कार्यको लागि हामि प्रकृया सुरुवात गर्दै छौ । यस ठाँउमा बाटोको समस्या भई रहेको देखिएको छ । बर्खाको महिनामा धेरै हिलो हुने र पोल बत्ति पनि नभएकोले रातिको समयमा हिड डुल गर्न अप्ठयारो भएको देखिन्छ । यसलाई हामि वडा र नगर मिलेर छिट्टै बजेट छनौट गरी निर्माण कार्य हुने छ । |
| ६. | नगेन्द्र चौधरी | वडा नं. ०८ सरस्वती खोलाको नियन्त्रण गरियोस र उत्तरवारी टोलमा रहेको धार्मिक स्थालको संरक्षण | नगर प्रमुख बसन्त कु. बस्नेत | -उत्तरबारी टोल देउरीमा रहेको खोला वडा ८ र वडा नं. ०९ भित्र पनि पर्ने भएकोले दुबै वडाका स्थानिय सरकारहरु मिलेर यसको नियन्त्रणका लागि बजेट पारित गरि खोला नियन्त्रण गर्ने र पुलको निर्माणमा जोड दिनु पर्छ ।<br>-उत्तरवारी देउरीको गाँउको छेउमा रहेको सरस्वती खाट मन्दिर वडा नं. ६ मा परेता पनि यसको यसको संरक्षण सम्पुर्ण स्थानिय स्तरको सरोकारवालाहरुले ध्यान दिनु पर्छ र नगरपालिकाले पनि यसको संरक्षणका लागि बजेटको व्यवस्था गर्नु |

| | | | | |
|---|---|---|---|---|
| | | | | पर्छ । |
| ७. | सिर्जणा सदा | सदा समुदायका विधार्थीहरुलाई उच्च शिक्षाका लागि विशेष छुटट तथा व्यवस्था गरिएको छन तर अहिले सम्म स्थानिय तहले लागु गरिएको छैन, यो व्यवस्था कहिले हुन्छ | नगर प्रमुख बसन्त कु.बस्नेत | -मुसहर सामुदाय तथा सिमान्तकृत वर्गका युवा युवतीहरुलाई नगरको कोषमा तीन लाख रकम रहेको छ र यो प्रकृयागत रपमा लागु गरि डिग्रि सम्मको उच्च शिक्षाका लागि कोषमा रहेको रकमको बाडफाड गिरिन्छ । |
| ८ | रामु सदा | हम्रो गाँउमा जग्गा जमिनको लागि पुर्जा छैन, यसको लागि स्थानिय तहले के व्यवस्था गरिएको छन | नगर प्रमुख बसन्त कु.बस्नेत | -सदा समुदायमा रहेको व्यक्तिहरुले आफनो आवश्यक जमिनको पुर्जा तथा अन्य कागत पत्रहरु नभएको खण्डमा र आवश्यक परेको अवस्थामा स्थानिय निकायमा गएर बुझ्न सकिन्छ । र यो कामको लागि के के आश्यक पर्छ र के गर्नु पर्छ भने कुरा तपाईहरु थाँहा पाँउन सकनु हुन्छ । |
| ९ | बिविसा कार्कि( बालकलब को अध्यक्ष) | -नगरपालिकाले बालबालिकाहरुलाई व्यवस्था गरिने तालिम तथा बालबालिकाको सेवा सुविधा अहिले सम्म प्रदान गरिउको छैन, अहिले सम्म नगरपालिकाले के गर्दै छ । | राजकुमार खडका ( अधिकृत सामाजिक शाखा प्रमुख) | -नगरपालिकाले बालबालिकाको क्षेत्रमा बजेटको व्यवस्था गरिएको छ र छुट्टयाएको छन । यसको सदुपयोग र बालबालिकालाई तालिमाको सुविधा आउदो बैशाक, २०८० देखि सुरु हुन्छ । |

**सार्वजनिक सुनुवाई कार्यक्रमको समयमा आएको प्रतिवद्धता र कार्ययोजना :**

१. जनप्रतिनिधि र कर्मचारी सेवक हो । चुनाबको समयमा मालिक वा हाकिम हैन सेवक बन्नेछौ भन्ने चुनाबी प्रतिबद्धता थियो सोहि अनुरुप नागरिक मैत्रि सेवाका लागि प्रतिबद्धता गर्दछौं ।

२.नागरिकको स्वास्थ्य,शिक्षा,कृषि र सरसफाई लगाएतका अत्यावसेक सेवा तथा नागरिकको विकास अधिकार सुनिश्चि गर्न सेवा वितरण प्रणाली छिटो,सरल,सहजर पारदर्शि र  नागरिक मैत्रि बनाउने ।

३. कर्मचारी नियमित गर्ने गराउने यदी समस्या भएमा सिधा गुनासो वा उजुरी गर्न सक्ने व्यवस्था वा संरचनाको विकास गर्ने भनी प्रमुख प्रशासकिय अधिकृत र जनप्रतिनिधिहरुले प्रतिबद्धता गर्नु भएको थियो ।

४ नियमित रुपमा वडा कार्यालय संचालन गर्ने,जनप्रतिनिधि,कर्मचारीहरु नागरिक प्रति जिम्मेवारी,जवाफदेहि र कर्तव्य निष्ठ भएर काम गर्ने प्रतिबद्धता सामुहिक रुपमा भएको थियो ।

५. सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रिया प्रति नगरपालिका प्रतिवद्ध छ । यस कार्यक्रममा उठेका सवाल,गुनासा र प्रतिक्रिया तथा सल्लाह सुझाव ग्रहण गर्दै कार्यान्वयनको प्रतिवद्धता व्यक्त गर्दछौ ।

६.आगमि दिनमा नियमित रुपमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने र वडा स्तर सम्म सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने प्रतिवद्धता ।

७. सर्वसाधारणको गुनासो पीर मर्का सुन्ने र तत्सम्वन्धी विषयलाई जिम्मेवार अधिकारी समक्ष पुऱ्याउने कामका लागि गुनासो सुन्ने केन्द्र वा ईकाइ खडा गर्ने वा पदाधिकारी तोक्ने सम्बन्धमा यस सार्वजनिक सुनुवाई मार्फत प्रतिवद्धता व्यक्त गर्दछौं ।

८.नियमित अनुगमन,समिक्षा तथा सामाजिक परीक्षण,सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ जस्ता नागरिक मैत्रि कार्यक्रम सामाजिक जिम्मेवारी र जवाफदेहितामा आधारित कार्यक्रमहरु सबै वडा तथा बिषयगत क्षेत्रमा पनि अनिवार्य गर्ने कार्यलाई बजेट सहित उत्प्रेरणा तथा सहजिकरण गर्ने प्रतिवद्धता ।

९ संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि,सेवाको नियमितता र सेवाको गुणस्तर,सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था,नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था र सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी सन्तुष्टि असन्तुष्टिको वारेमा नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतको समिक्षा गर्ने र सन्तुष्टिलाई अझ बढावा दिने र असन्तुष्टिलाई कम गर्दै लैजाने प्रतिवद्धता ।

१०. योजना संचालन प्रकृयामा सरल सहज बनाउने ।

११. सार्वजनिक सुनुवाई सफलता पुर्बक सम्पन्न भएको ठहर सहित यस अवसरमा सबैलाई धन्यवाद ।

**अन्तमाः**

जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता,सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने प्रतिबद्धता सहित त्रियुगा नगरपालिकाले एउटा सकारात्मक प्रयास सार्वजनिक सुनुवाई गर्ने कार्य उत्साहा जनक ब्यापक उपस्थितीमा सफलता पुर्बक तेस्रो पक्षको सहजीकरणमा संचालन गरी सम्पन्न गरको छ । यस अबस्थामा सुनुवाईको समयमा उठेका सवाल,गुनासा र सुझाबहरु ब्यवहारिक रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता भएको छ । यो निकै राम्रो स्वागत योग्य प्रयास हो । यस्ता नागरिक प्रति जिम्मेवार हुने र सुशासनमा टेवा पुग्ने नागरिक मैत्रि कार्यक्रमले आगमि दिनमा वडा स्तर सम्म संचालन हुने र  निरन्तरता पाउनु पर्छ । आगामी दिनमा सार्वजनिक सुनुवाई कार्यक्रम अझ प्रभावकारी रुपमा फरक स्थानमा संचालन गर्ने गराउने वातावरण निर्माण हुनेछ ।

**धन्यवाद**

त्रियुगा नगरपालिकाको आ.ब.०७९/०८० को दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रमको फोटोहरुः











"सहभागिता,पारदर्शिता र जवाफदेहिताका लागि"
त्रियुगा नगरपालिकाको
आ.व. २०७९/०८० को दोस्रो चौमासिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम
आयोजक:


12/04/2023 14:11


२०७९/०८०
ासिक समिक्षा
ठक
आयोजक:
त्रियुगा नगरपालिका
उदयपुर


आ.व. २०७९/०८०


त्रियुगा नगरपालिकाको
आ.व. २०७९/०८० को दोश्रो चौमासिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम


दोश्रो चौमासिक समिक्षा
बैठक
मिति: २०७९ चैत्र २१ गते
त्रियुगा नगरपालिका, उदयपुर
हार्दिक
स्वागत
त्रियुगा नगरपालिकाको
सार्वजनिक सुनुवाई
मिति: २०७९ चैत्र २२ गते
स्थान: ओरेक नेपाल, राजावास
सहजिकरण:
उदयपुर




EOS 70D


आ.व. २०७९/०८०
दोश्रो चौमासिक समिक्षा
बैठक
मितिः २०७९ चैत्र २९ गते
आयोजकः
त्रियुगा नगरपालिका
उदयपुर


उदयपुर






NOVEMBER
26






"सहभागिता, पारदर्शिता र जवाफदेहिताका लागि"
त्रियुगा नगरपालिकाको
आ.व. २०७९/०८० को दोश्रो चौमासिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम


12/04/2023 15:54






ा.व. २०७९/०८०
चौमासिक समिक्षा
बैठक
चैत्र २९ गते
आयोजकः
त्रियुगा नगरपालिका
उदयपुर


आ.व. २०७९/०८०
चौमासिक समिक्षा
बैठक
७९ चैत्र २९ गते
आयोज
त्रियुगा नगरपा
उदयपुर




"सहभागिता, पारदर्शिता र जवाफदेहिताका लागि"
त्रियुगा नगरपालिकाको
आ.व. २०७९/०८० को दोश्रो चौमासिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०७९ चैत्र २९ गते
स्थान: ओरेक नेपाल, राजावास
सहजिकरण:
उदयपुर
आयोजक:
त्रियुगा नगरपालिका
उदयपुर




आ.व. २०७९/०८०
दोश्रो
समिक्षा
सार्वजनिक सुनुवाई कार्यक्रम


12/04/2023 14:07

